# एलएल.बी. प्रथम वर्ष (शैक्षिक सत्र २०८०/०८१ र २०८१/०८२) मा नयाँ बिद्यार्थी भर्नाका लागि

## प्रवेश परीक्षाको Online आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

त्रिभुवन विश्वविद्यालय, प्राज्ञिक परिषद स्थायी समितिको मिति २०८१ चैत्र २२ गते बसेको बैठकको निर्णय नं १२१ अनुसार शैक्षिक शत्र २०८०/०८१ र २०८१/०८२ लाई एउटै शैक्षिक शत्र कायम गरी शैक्षिक शत्र मिलानकालागि स्वीकृती भई आएकोले त्रिभुवन विश्वविद्यालय, कानून संकाय, डीनको कार्यालयबाट शैक्षिक सत्र २०८०/०८१ र २०८१/०८२ का लागि संचालन हुने तीन बर्षे स्नातक तह **एलएल.बी. प्रथम बर्ष** ( बार्षिक परीक्षा प्रणालीमा) मा भर्नाका लागि त्रि.वि.को आगिंक तथा सम्बन्धन प्राप्त क्याम्पस तथा कलेजहरु नेपाल ल क्याम्पस, काठमाण्डौंका लागि ६०० सिट, पृथ्वी नारायण क्याम्पस-पोखरा, महेन्द्र बहुमूखी क्याम्पस-धरान, महेन्द्र बहुमूखी क्याम्पस-नेपालगञ्ज, महेन्द्र बिन्देश्वरी बहुमूखी क्याम्पस-राजबिराज, बुटवल बहुमूखी क्याम्पस-बुटवलका लागि प्रति क्याम्पस ३०० जना र सम्बन्धन प्राप्त कलेज हरिखेतान बहुमूखी क्याम्पस, बिरगञ्जका लागि २०० सिट संख्यामा नयाँ विद्यार्थी भर्नाकालागि प्रवेश परीक्षा लिई परीक्षामा उत्तिर्ण परीक्षार्थीहरुबाट योग्यताक्रमका आधारमा जम्मा २३०० (दुई हजार तीन सय) विद्यार्थी भर्नाका लागि Online आवेदन माग गरिएको छ। आवेदकले Online Application मा आवेदन फाराम भर्दा तोकिएको माध्यमबाट परीक्षा शुल्क बुझाएको भौचरको प्रति (Screenshot) तोकिएको ढाँचामा अनिवार्य रुपमा Online आवेदन फारामसाथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क-पत्र, नागरिकताको प्रमाण-पत्र, समकक्षता निर्धारणको प्रमाण-पत्र (Equivalence Certificate), विभिन्न कोटामा दावि गर्ने आवेदकहरुले सम्बन्धित कोटा दावि गर्न आवश्यक पर्ने तोकिएका कागजात, सिफारिस पत्र, हालसालै खिचिएको दुवै कान स्पष्ट देखिने पासपोर्ट साइजको १ (एक) प्रति फोटो र आवेदकले सादा कागजमा गरेको हस्ताक्षर अनिवार्य प्रविष्ट गर्नुपर्नेछ ।

| | |
|---|---|
| १) **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** | त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट **वि.सं.२०८१ साल (सन् २०२४) सम्ममा** कुनै पनि विषयमा स्नातक तह उत्तिर्ण भएकाहरुले मात्र प्रवेश परीक्षाको लागि Online आवेदन गर्न योग्य हुनेछन् तर कानूनमा पहिले नै स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीहरुले पुनः एलएल.बी. प्रवेश परीक्षामा आवेदन दिन पाउने छैनन् । |

डीन
कानून संकाय

२) **प्रवेश परीक्षा शुल्कः** प्रवेश परीक्षा शुल्क बापत रु. १६००/- (अक्षेरुपी एक हजार छ सय) मात्र । **e-sewa, Khalti, Connect IPS** को माध्यमबाट जम्मा गर्न सक्नेछन् । रकम दाखिला गर्दा आवेदक स्वयम्को पुरा नाम र मोबाइल नम्बर अनिवार्य उल्लेख गर्नु पर्नेछ । **एकै मोबाइल नम्बर उल्लेख गरी एक भन्दा बढी आवेदकको नाममा रकम जम्मा गर्न पाइने छैन ।**

३) **आवेदन फाराम उपलब्ध हुने :** Online आवेदन फाराम त्रि.वि, कानून संकायको वेभसाइट www.fol.edu.np मा वा entrance.fol.edu.np मा उपलब्ध हुनेछ ।

४) **आवेदन फाराम भर्ने अवधिः** मिति २०८१।१२।३१ गते आइतबार देखि मिति २०८२।०१।२९ गते सोमबार राती १२:०० बजे सम्म र दोब्बर दस्तुर तिरी मिति २०८२।०२।०५ गते सोमबार राती १२:०० बजे सम्म । फाराम रुजू भए नभएको एकिन गर्न Check your status मा हेर्न सकिनेछ ।

५) **प्रवेश पत्र प्राप्त गर्न सकिनेः** प्रवेश-पत्र मिति २०८२।०२।१२ गते सोमबार www.fol.edu.np मार्फत Check your status बाट download गर्न सकिनेछ ।

६) **प्रवेश परीक्षा हुने मिति र समयः** मिति २०८२ साल जेष्ठ १७ गते शनिबार बिहान ११:०० बजेदेखि १२:४० बजेसम्म ।

७) **प्रवेश परीक्षा केन्द्रः** पछि प्रकाशित गरिनेछ ।

डीन
कानून संकाय

८) प्रवेश परीक्षामा तपसील बमोजिमका विषयवस्तु र अंकभार रहने गरी प्रश्न सोधिने छ ।

| क्र.सं. | बिषय | अंकभार |
|---|---|---|
| क) | विधिशास्त्र (Jurisprudence) | ५० × १ = ५० |
| ख) | संवैधानिक कानून (Constitutional Law) | ३० × १ = ३० |
| ग) | *मुलुकी देवानी संहिता,* २०७४ (Muluki Civil Code, 2074 B.S.) | २०×१=२० |
| घ) | *मुलुकी देवानी कार्यविधि संहिता,* २०७४ (Muluki Civil Procedure Code, 2074 B.S.) | |
| ङ) | *मुलुकी अपराध संहिता,* २०७४ (Muluki Criminal Code, 2074 B.S.) | |
| च) | *मुलुकी फौजदारी कार्यविधि संहिता,* २०७४(Muluki Criminal Procedure Code, 2074 B.S.) | |
| | जम्मा | १०० |
| | | |

९) **Online आवेदन फाराम भर्दा निम्न लिखित Scan गरिएका कागजपत्रहरु अनिवार्य पेश गर्नुपर्नेछः**

क) तोकीएको माध्यमबाट रकम जम्मा गरेको भौचरको Screenshot-

ख) नेपाली नागरिकताको प्रमाण-पत्र

ग) हालसालै खिचेको पासपोर्ट साइजको फोटो - १(एक) प्रति

घ) SEE/SLC वा सो सरहको परीक्षाको उत्तिर्ण भएको लब्धाङ्क पत्र (Mark Sheet)

ङ) प्रमाणपत्र तह/10+2 उत्तिर्ण भएको लब्धाङ्क पत्र (Transcript)

च) त्रि.वि.को प्रमाणपत्र तह/10+2 राष्ट्रिय परीक्षा बोर्ड (नेपाल सरकार) बाहेक अन्य विश्वविद्यालय वा बोर्डबाट उत्तिर्ण भएको भएमा समकक्षता निर्धारणको प्रमाणपत्र ।

छ) स्नातक तह वा सो सरह उत्तिर्ण गरेको लब्धाङ्क पत्र (Transcript)

ज) आरक्षण कोटाहरुमा आवेदन दिन चाहेमा सम्बन्धित कोटाहरुको लागि तोकिए बमोजिम कागजातहरु।

झ) **आवेदकले Online फाराम भर्दा नै अध्ययन गर्न चाहेको क्याम्पस छनौट गर्नुपर्नेछ ।**

ञ) विद्यार्थी स्वयमको हस्ताक्षर Upload गर्नुपर्नेछ ।

ट) विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक सरह उतीर्ण परीक्षार्थीहरुले त्रि.वि.को **समकक्षता** प्रमाण-पत्र (Equivalence Certificate), सम्बन्धित विश्वविद्यालय/शिक्षण संस्थाको **माइग्रेसन प्रमाण-पत्र** र सोको प्रमाणित प्रति अनलाईन फाराम साथ संलग्न गर्नु पर्ने छ । साथै उपरोक्त उल्लेखित प्रमाणपत्रहरु एक/एक प्रति भर्ना हुँदाका बखत सम्बन्धित क्याम्पसमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । एकै शैक्षिक सत्र जुध्ने गरी भर्नाका लागि आवेदन दिन भने पाइने छैन ।

डीन
कानून संकाय

ठ) **त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५०, र त्रि.वि. अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४** बमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरुले निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारामका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षण कोटामा दावी लाग्ने छैन ।

अ) नियमानुसार आरक्षणकालागि छुट्टाईएको जुनसुकै समुहमा उम्मेदवार हुन चाहने ब्यक्तिले दरखास्त बुझाउने समयमा सम्बन्धित **स्थानिय निकायबाट बिपन्नको कारण खुलाइएको सिफारीस पत्र** तथा **कक्षा ८, ९ र एस.एल.सी/एस.ई.ई कक्षा ११ र १२ सरकारी वा सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित जिल्ला शिक्षा समन्वय इकाइको सिफारीस पत्र** साथै स्नातक तहको हकमा उक्त क्याम्पस/कलेज **त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायीक क्याम्पस भएको ब्यहोराको सम्बन्धित क्याम्पसको सिफारीस पत्र** । उल्लेखित कागजात मध्ये कुनै पनि कागजात अपुग भएमा नतिजा प्रकाशन हुँदा आरक्षण खुलाइएको कोटामा नाम समावेश गरिनेछैन ।

आ) नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी नेपाल भित्रका निजी स्कूल तथा कलेजमा कक्षा ८, ९, एस.एल.सी/एस.ई.ई., कक्षा ११- १२ र स्नातक तहसम्म वा सो सरह पास गरेको प्रमाण सहितको सिफारिसपत्र ।

इ) आरक्षणमा दावी गर्ने उम्मेदवारले Online application मा नै भर्ना हुन चाहेको कोटामा अनिवार्य रुपमा Click गरी निम्न बमोजिमको सिफारीस पत्र Upload गर्नु पर्नेछ ।

| क्र.सं. | आरक्षण कोटा | सिफारीस प्रदान गर्ने निकाय |
|---|---|---|
| क | अपाङ्ग | राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ख | आदिबासी/जनजाती | आदिबासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ग | दलित | राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| घ | पिछडिएको दुर्गम क्षेत्र | सम्बन्धित गाउँपालिका वा नगरपालिका बाट प्राप्त सिफारिसपत्र । |

डीन
कानून संकाय

| | | |
|---|---|---|
| ङ | मधेसी/पिछडिएको समुदायका मधेसी | सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा पिछडिएको समुदाय हो भन्ने जिल्ला समन्वय समितिको सिफारीस पत्र वा स्थानीय निकायको सिफारिस पत्र । |
| च | मुश्लीम | सम्बन्धित जिल्ला प्रशासन कार्यालय । |
| छ | विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय । |
| ज | अन्य अन्तर्गतका अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक यौनिक तथा अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य | सम्बन्धित जिल्ला प्रशासन कार्यालय । |
| झ | शिक्षक/कर्मचारीको छोरा/छोरी | शिक्षक/कर्मचारी कोटामा दावी गर्ने परिक्षार्थीले त्रि.वि.को स्थायी सेवामा कार्यरत सम्बन्धित शिक्षक/कर्मचारीको छोराछोरी हो भन्ने प्रमाणित हुने गरी सम्बन्धित कार्यालयले गरिदिएको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |

ई) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीहरुले भर्ना हुनका लागि प्रवेश परीक्षा उर्तीर्ण भएको हुनु पर्दछ । उर्तीण भएका विद्यार्थीहरुको योग्ताक्रमका आधारमा मात्र आरक्षण कोटामा नाम समावेश गरिनेछ ।

उ) आरक्षण कोटामा दावि गर्ने परीक्षार्थीले त्रिभुवन विश्वविद्यालय वा अन्य कुनै पनि आङ्गिक क्याम्पसमा एकै समयमा कुनै पनि तह र कुनै पनि विषयमा आरक्षण कोटा प्राप्त नगरेको हुनु पर्नेछ । साथै कुनै परीक्षार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्राप्त गरी सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन ।

ऊ) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीले झुठा विवरण पेश गरी आरक्षण सुविधा लिई भर्ना भएको प्रमाणित भएमा त्यस्तो भर्ना स्वत: रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

ए) आरक्षण कोटामा दावी गर्ने परीक्षार्थीहरुले निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ :-

डीन
कानून संकाय

| आरक्षीत कोटा | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|
| क) महिला | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| अ) दलित महिला | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• दलित बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| आ) मुस्लिम महिला | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• मुस्लिम बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| ख) आदिवासी/जनजाति | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• आदिवासी/जनजाति बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र । |

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

डीन
कानून संकाय

| | |
|---|---|
| | • स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| ग) मधेशी | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• मधेशी बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| अ) मधेशी दलित | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• मधेशी दलित बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| घ) दलित | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• दलित बर्गको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र । |

डीन
कानून संकाय

| | |
|---|---|
| | • एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| ङ) अपाङ्गता भएको व्यक्ति | • राष्ट्रिय अपाङ्ग महासंघबाट जारी भएको कार्ड<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| च) पिछडिएको दुर्गम क्षेत्र | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• पिछडीएको दुर्गम क्षेत्रमा स्थायी बसोबास रहेको व्यक्ति भन्ने स्थानिय निकायको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकता ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको फोटो । |
| छ) मुस्लिम | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• मुस्लिम समुहको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| ज) थारु | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• थारु समुहको व्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र । |

डीन
कानून संकाय

| | |
|---|---|
| | • स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |
| झ) अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | • सम्बन्धित स्थानिय निकायबाट बिपन्न बर्गको सिफारीस पत्र ।<br>• अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) ब्यक्ति भएको सिफारीस पत्र ।<br>• कक्षा ८, ९, १०, ११ र १२ सामुदायिक स्कूलमा अध्ययन गरेको भन्ने जिल्ला शिक्षा समन्वय एकाईको सिफारीस पत्र ।<br>• स्नातक त्रि.वि.को आँगिक क्याम्पस वा सामुदायिक कलेजमा अध्ययन गरेको भन्ने सिफारीस पत्र ।<br>• नागरीकताको प्रमाणपत्र ।<br>• एस.एल.सी., दश जोड २ र स्नातक तहका certificates हरु स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हस्ताक्षरको स्क्यान प्रति ।<br>• सम्बन्धित व्यक्तिको हालसालै खिचिएको फोटो । |

१०. **<u>आरक्षण सम्वन्धमा</u> :** त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० (२०८०।०३।१२ सम्मको संशोधन सहित) को परिच्छेद-४ नियम ११क. साथै त्रि.वि.अन्तर्गतका आंगिंक क्याम्पसमा आरक्षण सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ बमोजिम त्रिभुवन विश्वविद्यालयले निर्धारित गरेको संख्यामा विद्यार्थीहरू भर्ना गर्दा प्रत्येक शैक्षिक कार्यक्रम अन्तर्गतका विषयमा जम्मा सिट संख्याको २० प्रतिशत निम्नलिखित वर्गहरुका लागि छुट्याईएका निम्नलिखित सिट संख्यामा सम्वन्धित वर्गका परीक्षार्थीहरू बिचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्ने व्यवस्था अनुसार निम्न बमोजिमको आरक्षित कोटा २० प्रतिशतलाई शत् प्रतिशत मानि निम्न बमोजिम कोटा निर्धारण गरिएको छ । तर वर्गीकृत समूहमा भर्नाका लागि न्यूनतम ४० (चालिस) अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका (खुला तर्फका) अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

दलित समुदायका महिला र मुस्लीम समुदायका महिलाका लागि आरक्षित स्थानमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलपब्ध नभएमा यस्तो स्थान अन्य महिलालाई र मधेशी दलित समुदायकालागि आरक्षित स्थानमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलब्ध नभएमा त्यस्तो स्थान मधेशी समुदायका अन्य व्यक्तिहरुलाई प्रदान गरिने छ ।

डीन
कानून संकाय

| विपन्न समुदाय | आरक्षित सिट संख्या | | |
|---|---|---|---|
| | ६०० सिटका लागि | ३०० सिटका लागि | २०० सिटका लागि |
| क) महिला | १८ | ९ | ६ |
| अ) दलित महिला | ४ | २ | १ |
| आ) मुस्लिम महिला | २ | १ | १ |
| ख) आदिवासी/जनजाति | २० | १० | ७ |
| ग) मधेशी | १३ | ६ | ५ |
| अ) मधेशी दलित | ४ | २ | १ |
| घ) दलित | ११ | ६ | ४ |
| ङ) अपाङ्गता भएका व्यक्ति | १० | ५ | ३ |
| च) पिछडिएको दुर्गम क्षेत्र | ९ | ५ | ३ |
| छ) मुस्लिम | ८ | ४ | २ |
| ज) थारु | १२ | ६ | ४ |
| झ) अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्य) | ९ | ४ | ३ |
| **जम्मा** | **१२० (एक सय विस)** | **६० (साठी)** | **४० (चालीस)** |
| **त्रि.वि. मा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीको छोरा/छोरी** | २ (दुई) | २ (दुई) | २ (दुई) |

**स्पष्टिकरण १ : परिभाषा**

- **"बिपन्न ब्यक्ति"** भन्नाले प्रमाणपत्र तहका लागि नेपाल सरकार अन्तर्गतका सामुदायिक बिद्यालयबाट एस.एल.सी./एस.इ.ई. अध्ययन गरी उत्तीर्ण गरेको तथा स्नातक र स्नातकोत्तर तहकालागि नेपाल सरकार अन्तर्गतका सामुदायीक बिद्यालयबाट एस.एल.सी./एस.इ.ई. र दश जोड दुई उत्तीर्ण गरेको र सम्वन्धित गाउँपालिका वा नगरपालीका वा उप महानगर पालीका वा महानगरपालीकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखा मुनी परेको भनि प्रमाण सहित आधार कारण खुलाई सिफारिस गरेको ब्यक्तिलाई सम्झनु पर्छ ।
- **"अन्य"** भन्नाले अल्पसंख्यक, सिमान्तकृत, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।

डीन
कानून संकाय

- **"विपन्न खस आर्य"** भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयले विपन्न खस आर्य हो भनि सिफारिस वा प्रमाणित गरेको विपन्न खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लामा स्थायी बसोबास गरेको व्यक्तिलाई जनाउँछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका परीक्षार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीहरुका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकता क्रमको टप टु बटम (Top to Bottom) को आधारमा ।
- मधेशी विद्यार्थीहरुका हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ को अनुसूचीको वर्गिकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसी भन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपाङ्गता भएका विद्यार्थीहरु मध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा अल्पसंख्यक, सिमान्तकृत, पिछडावर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्यको उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्नेछ ।

**स्पष्टीकरण ३ :**

- विश्वविद्यालय सेवामा कार्यरत स्थायी शिक्षक, कर्मचारीका छोरा छोरीलाई अध्ययन संस्थान र संकाय अन्तर्गत आङ्गिक क्याम्पसमा अध्ययन गर्न स्नातक तथा स्नातकोत्तर तहका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाको लागि दुईवटा सिटको व्यवस्था गर्नुपर्ने आधारमा ।

११) परीक्षार्थीहरुले उत्तरपुस्तिकामा कालो मसी मात्र प्रयोग गरी टिक √ चिन्ह मात्र लगाउनु पर्नेछ । कालो मसी बाहेक आंशिक वा पुरा रुपमा अन्य रङ्को मसी वा सिसाकलम प्रयोग गरेको, कुनै संकेत भएको, बस्तुगत प्रश्नको उत्तरपुस्तिकामा तोकिएको बक्समा तोकिएको टिक √ चिन्हबाहेक अन्य चिन्ह वा संकेत प्रयोग भएको वा पोतिएको पाईएमा पुरै उत्तरपुस्तिका परीक्षण नगरि रद्द गरिनेछ ।

१२) परीक्षार्थीहरुले आवेदन फाराम भर्नु पूर्व यो सूचना तथा आवेदन फाराममा उल्लेखित निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ । तोकिए बमोजिम फाराम नभरी व्यहोरा तलमाथि भएमा सो को जिम्मेवार सम्बन्धित परीक्षार्थी स्वयं हुनुपर्नेछ ।

डीन
कानून संकाय

त्रिभुवन विश्वविद्यालय
कानून संकाय

१३) प्रवेश परीक्षाको नतिजा प्रकाशित गर्दा प्रवेश परीक्षामा हासिल गरेको अंकको योग्यताक्रम (Merit List) को आधारमा आरक्षण कोटा समेत खुल्ने गरी कम्तिमा ४०% (चालिस प्रतिशत) र सो भन्दा माथि अंक प्राप्त गर्ने परीक्षार्थीहरुको प्राप्तांक सहितको क्याम्पस/कलेजहरुको छुट्टाछुट्टै नामावली प्रकाशित गरिनेछ र सो को जानकारी भर्नाको प्रयोजनका लागि सम्बन्धित क्याम्पसहरुमा पठाईनेछ । यसरी योग्यताक्रम (Merit List) प्रकाशित गर्दा प्रवेश परीक्षामा बराबर अंक ल्याउने विद्यार्थीहरुको योग्यताक्रम (Merit List) निम्नानुसार निर्धारण गरिने छ ।

क) स्नातक तहको कुल प्राप्ताङ्कको प्रतिशत वा CGPA

ख) +2 वा प्रविणता प्रमाण पत्र तहको कुल प्राप्ताङ्कको प्रतिशत वा CGPA

ग) SEE/SLC तहको कुल प्राप्ताङ्कको प्रतिशत वा CGPA

घ) स्नातक तह सरकारी/सामुदायीक क्याम्पसबाट उत्तिर्ण गरेको ।

१४) कुनै क्याम्पसमा निर्धारित सिटमा विद्यार्थी भर्ना नभई रिक्त हुन आएमा अन्य क्याम्पसमा योग्यताक्रममा रहेका उत्तिर्ण परीक्षार्थीहरुले भर्नाका लागि निवेदन दिन सक्नेछन् । यसका लागि सम्बन्धित क्याम्पसले भर्नाको सूचना प्रकाशित गरी यस्ता परीक्षार्थीहरुको योग्यताक्रम अनुसार भर्ना गर्नुपर्नेछ ।

१५) प्रवेश परीक्षाको नतिजामा योग्यताक्रम (Merit List) मा रहेका परीक्षार्थीहरुले मात्र आफूले अध्ययन गर्न चाहेको क्याम्पस/कलेजमा तोकिएको मिति र समय भित्र निवेदन दिनु पर्नेछ । सम्बन्धित क्याम्पसले तोकिएको मिति र समय सम्म आवेदन दिने सम्पूर्ण आवेदकहरुको नामावली प्रकाशित गरी सोको जानकारी भर्ना अगाडि नै तत्काल कानून संकाय, डिनको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

१६) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण भर्ना प्रक्रिया पूरा भएको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

१७) क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टी भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाका लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले अविलम्व फिर्ता गर्नु पर्नेछ ।

१८) प्रवेश परीक्षा सम्बन्धी कुनै पनि विषयमा परीक्षा समितिको निर्णय अन्तिम हुनेछ ।

डीन
कानून संकाय

त्रिभुवन विश्वविद्यालय
कानून संकाय

१९) नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा वितरण हुने छात्रवृत्तिको प्रयोजनका लागि गरिने छनौटमा समेत यसै प्रवेश परीक्षाको नतिजालाई आधार मानिनेछ ।

२०) प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी यस संकायबाट प्राप्त गर्न सकिनेछ ।

२१) परीक्षार्थीहरुले Online आवेदन फाराम भर्नुपूर्व यो सूचना तथा आवेदन फाराममा निर्देशित गरिएका निर्देशनहरु ध्यानपूर्वक अध्ययन गरेर मात्र फाराम भर्नु पर्नेछ ।

**परीक्षार्थीहरुले परीक्षा दिंदा अनिवार्य रुपमा पालना गर्नु पर्ने कुराहरु :**

- परीक्षार्थीले उत्तरपुस्तिकामा तोकिएको स्थानमा प्रश्नको समूह स्पष्टसंग लेख्नु पर्नेछ । गलत समूह वा खाली छाडेमा त्यस्तो उत्तरपुस्तिका परिक्षण गरिने छैन ।
- परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेश पत्र अनिवार्य रुपमा साथमा राख्नु पर्नेछ । प्रवेश पत्र विना परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।
- परीक्षा शुरु भएको १५ (पन्ध्र) मिनेट पछि कुनै पनि परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन । साथै परीक्षा प्रारम्भ भएको एक घण्टा अगावै परीक्षार्थीले परीक्षा भवन छाड्न पाइने छैन ।
- परीक्षार्थीले तोकिएको सिटप्लान अनुसार निर्धारित स्थानमा बसी अनुशासित पूर्वक परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट स्वेच्छाले हेरफेर गर्न पाइने छैन ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित बस्तुहरु (Mobile Phone, Calculator, Blutooth, I-Pad, Tablet PC, Earphones, Smart Watch) वा अन्य कुनै पनि Electronic / Digital उपकरणहरु ल्याउन पाउने छैन, परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरु उपर परीक्षार्थीले अभद्र व्यवहार गरेमा केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थी उपर कारवाही गर्नुका साथै परीक्षा हलबाट तुरुन्त निष्काशन गर्न सक्नेछन् ।
- सरुवा रोगी, अस्वस्थ वा अपाङ्गता भएका परीक्षार्थीले परीक्षा प्रारम्भ हुनु भन्दा एक घण्टा अगावै आफ्नो वास्तविक परिस्थिति बारे केन्द्राध्यक्षलाई लिखित जानकारी गराउनुपर्नेछ । दृष्टिविहिन वा हातले लेख्न नसक्ने परीक्षार्थीले लेख्ने काममा सहयोगी राख्न पाऊँ भनी सम्बन्धित केन्द्राध्यक्षलाई लिखित अनुरोध गरेमा सम्बन्धित परीक्षा भन्दा कम्तिमा एक तह मुनि अध्ययनरत व्यक्तिलाई सहयोगी लेखकको रुपमा राख्न केन्द्राध्यक्षले अनुमति दिन सक्नेछ । यस्ता परीक्षार्थीलाई तोकिएको समय भन्दा थप १५ मिनेट समय दिइने छ ।



डीन
कानून संकाय

• उत्तरपुस्तिकामा रोल नं नलेखि खाली छाडेमा त्यस्ता परीक्षार्थीको उत्तरपुस्तिका रद्द हुनेछ।

२२) यो सूचना कानून संकायको वेवसाइट www.fol.edu.np मा हेर्न सकिनेछ।

मितिः २०८१/१२/३१

प्रा.डा.कृष्ण प्रसाद बस्याल
डीन

डीन
कानून संकाय